तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नम्वर प्रदेश

तानसेन, पाल्पा नेपाल

## तानसेन नगरपालिकाको जग्गा प्राप्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६।०८।१४**

तानसेन नगरपालिका वनदेवी क्षेत्रको प्रस्तावित बसपार्क (वस टर्मिनल) लगायतका संरचना निर्माणको लागि नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६।०३।०५ को निर्णय अनुसार भोकाधिकार प्राप्त ४.९९ हेक्टर जग्गा नेपाल सरकारको नाममा सोधभर्ना गर्नुपर्ने कानूनी व्यवस्था भएको र वन ऐन, २०४९ को दफा ६८ तथा वन नियमावली, २०५१ र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी कार्यविधि, २०७४ अनुसार तानसेन नगरपालिकाले उक्त क्षेत्रमा वसपार्क लगायतका संरचना निर्माण गर्न पाल्पा जिल्लाका राष्ट्रिय वनसँग जोडिएका भौगोलिक र पारिस्थितिय क्षेत्रको प्रतिनिधित्व हुनेगरी हाललाई ३९ रोपनी नीजि जग्गा नेपाल सरकार वन तथा भूसंरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरी हस्तान्तरण गर्नु पर्ने भएकाले उपरोक्त विवरण अनुसार सम्भावित क्षेत्रको तपसिलमा उल्लेखित विवरण सहितको जग्गा निशुल्क रुपमा रजिष्टेशन पास गरी हस्तान्तरण गर्न ईच्छुक व्यक्ति वा संस्थाहरुवाट ७ दिन भित्र यस तानसेन नगरकार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसील**

१. जग्गाको स्वामीत्व खुल्ने जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

२. जग्गाको चौकिल्ला खुलेको प्रमाण

३. जग्गाको नक्सा

४. जग्गा रोक्का नरहेको प्रमाण

५. चालु आ.व.को सम्पत्तिकर/मालपोत तिरेको रसिद

६. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

७. सो जग्गा वन क्षेत्र संग जोडिएको हुनुपर्ने छ

**जानकारीका लागि तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन।**
**सम्पर्क नं.०७५५२०१०९ मोवाईल नं. ९८५७०७४१११, ९८४७०२८३६८**

२०७६।०८।१४

तानसेन नगरपालिका
पाल्पा
**डिल्ली राज वेल्वासे**
**प्रमुख प्रशासकिय अधिकृत**

Scanned by CamScanner

तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नम्बर प्रदेश

तानसेन, पाल्पा नेपाल

मिति- २०७६।८।१२

## तानसेन नगरपालिकाको जानकारी सम्बन्धी सूचना

तानसेन नगरपालिका वनदेवी क्षेत्रको प्रस्तावित वसपार्क (वस टर्मिनल) लगायतका संरचना निर्माणको लागि नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६।०३।०५ को निर्णय अनुसार भोकाधिकार प्राप्त ४.९९ हेक्टर जग्गा नेपाल सरकारको नाममा सोधभर्ना गर्नुपर्ने कानूनी व्यवस्था भए अनुसार मिति २०७६।५।२६ गते स्थानीय करुवा पत्रिकामा जग्गा खरिद सम्वन्धी १५ दिने सूचना प्रकाशन गरिएकोमा उक्त सूचना वमोजिम प्रकृया नमिलेकोले मिति २०७६।८।१२ गते वसेको तानसेन नगरपालिका कार्यपालिका वैठकवाट उक्त सूचना समेत सम्पुर्ण प्रकृया रद्ध गर्ने निर्णय भएकोले सरोकारवाला सम्पुर्णलाई सोही व्यहोराको जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

२०७६।०८।१२

तानसेन नगरपालिका

पाल्पा

**डिल्ली राज बेल्वासे**

**प्रमुख प्रशासकिय अधिकृत**

Scanned by CamScanner